# माओवादी सङ्घर्षको शान्तिपूर्ण रूपान्तरण

भास्कर गौतम

यो पुस्तक क्रान्ति र समाज परिवर्तनबारे नेपाली समाजमा भएको चिन्तन/बहसलाई व्यवस्थित रूपमा बुझ्ने प्रयाससँगै निर्माण भएको हो। समसामयिक राजनीति र ऐतिहासिक घटनाक्रमको आधारमा नेकपा (माओवादी) क्रान्ति र समाज परिवर्तनको राजनीतिक केन्द्र बन्दै आएको छ। त्यसैले नेकपा (माओवादी) बारे यसभन्दा पहिला पनि *माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि* पुस्तक हामीले प्रकाशित गरेका थियौं। यो पुस्तक त्यही अध्ययन शृङ्खलाको दोस्रो कडी हो। *माओवादी सङ्घर्ष : शान्तिपूर्ण रूपान्तरण* शीर्षक रहेको यस पुस्तकले माओवादीले २०६२ मङ्सिर ७ गते सात दलसँगको समझदारीमार्फत हतियार बिसाउने प्रतिबद्धता जनाएको समयदेखि सरकारमा सामेल भएसम्मको अवधिलाई समेटेको छ। 'राज्यमै बसेर क्रान्ति गर्ने' माओवादीको रणनीतिलाई बेग्लै अध्ययन/विश्लेषण गरिनु पर्छ भन्ने हाम्रो बुझाइ हो। त्यसैले वैधानिक तवरमा माओवादी सत्ताधारी हुने आधार बनाएर सरकारमा सामेल भएपछिको अवधि यस पुस्तकको दायरा होइन।

नेपाली समाजमा लोकतन्त्र र अधिनायकवाद, राजनीतिक आन्दोलन र द्वन्द्वलाई नेकपा (माओवादी) ले तय गरेको विगत र वर्तमानको राजनीतिक

यस लेखमा समाविष्ट केही विचारका लागि देवेन्द्रराज पाण्डे र खगेन्द्र संग्रौलाप्रति आभारी छु। प्रारम्भिक मस्यौदामा बहुमूल्य सुझाव दिनुहुने सेरा तामाङ, चिरन मानन्धर र शेखर पराजुलीप्रति कृतज्ञ छु।

यात्राले राम्रैसँग प्रभाव पारेको छ । मूलत: सात दलसँग २०६२ मङ्सिर ७ मा बाह्र बुँदे समझदारी भएपछि नेकपा (माओवादी) ले शान्तिपूर्ण सङ्घर्षको बाटो समात्यो । सशस्त्र सङ्घर्षलाई त्याग्ने माओवादीको सो निर्णयले नेपाली राजनीति बहुआयामिक तवरमा प्रभावित भयो । सो सहमतिले धेरै सम्भावना र केही ठूलै जोखिम बोकेको थियो । र माओवादीलगायत अन्य सबै पक्षको लागि नौलो प्रयोग थियो ।

तत्कालीन समयमा सशस्त्र सङ्घर्षमा होमिएको माओवादीसँग मिलेर शान्तिपूर्ण आन्दोलनको आह्वान गर्नु नै संसदीय दलहरूको लागि ठूलो बाध्यता, हाँक र जोखिमको त्रि-पक्षीय सङ्गम थियो । तथापि नेकपा (माओवादी) माथि एकतहको विश्वास सात दलका शीर्षस्थहरूले नगरेका भए राजनीतिक बाध्यता, हाँक र जोखिमले मात्र सो सहमति निम्त्याउने थिएन । तर छोटै समयमा बाह्र बुँदे सहमति नेपाली समाज परिवर्तनको लागि कोशेढुङ्गा साबित हुँदै गयो । अमेरिकालगायत केही अन्तर्राष्ट्रिय र राष्ट्रिय शक्ति-सम्बन्ध सो सहमतिको पक्षमा नरहे पनि (मोरिआर्टी २०६२; कान्तिपुर २०६२) माओवादीसँग सहकार्य गर्ने सात दलको निर्णय अन्तत: उचित एवं सही ठहरियो । बाह्र बुँदेले उत्पन्न गरेको तरङ्कै कारण तत्कालीन शाही सत्ताले एकपछि अर्को गल्ती गरिरह्यो । यसले परिवर्तनलाई झन् सहज बनाउने राजनीतिक परिवेश बन्दै गयो । त्यसैले समग्रमा तत्कालीन समयको राजनीति, राज्यको चरित्र एवं लोकतान्त्रिक शक्तिहरूको काम कारबाही ठूलो अध्ययनको विषय हो । नेकपा (माओवादी) अन्य धेरै पक्षहरूमध्ये सो परिवर्तनको एउटा महत्त्वपूर्ण सम्बाहक मात्र हो । र यो पुस्तक नेकपा (माओवादी) को शान्तिपूर्ण रूपान्तरणमा केन्द्रित भएकोले अन्य सम्बाहकहरूको चर्चा यस पुस्तकको दायराभन्दा बाहिर पर्छ ।

माओवादी पार्टीको लागि बाह्र बुँदे सहमति सर्वप्रथम संयुक्त मोर्चा निर्माण गर्ने र सम्भव भएमा सशस्त्र सङ्घर्ष त्याग्ने निर्णय थियो । अर्थात् सात दलसँगको सहमति नयाँ शिराको सङ्घर्ष एवं शान्तिपूर्ण रूपान्तरणको लागि पानीढलो भएकोले सङ्घर्ष-समन्वयको सो प्रक्रिया धेरै जोखिमयुक्त हुने प्रस्टै थियो । सशस्त्र सङ्घर्ष प्रारम्भ गर्ने निर्णय दुस्साहसी कदम भए जस्तै सम्पूर्ण रूपमा जित हासिल नगरेको माओवादीको लागि शान्तिपूर्ण सङ्घर्षमा प्रतिबद्धता जनाउनु उत्तिकै साहसिक कदम थियो । माओवादीले यही भन्दै आएका थिए । त्यसैले ठूलो संशयबीच माओवादीको सो जोखिमयुक्त यात्रा वरिपरि नेपाली समाजमा भएको चिन्तन/बहसलाई समेट्ने चेष्टा यस पुस्तकमा गरिएको छ । नेकपा (माओवादी)

ले भन्दै आएको 'क्रान्तिकारी सङ्घर्ष' को विगत र वर्तमानलाई बुझ्न यो पुस्तक सहयोगी हुने अपेक्षा गरिएको छ ।

## यस पुस्तकमा

यो पुस्तक मूलतः पाँच खण्डमा विभाजित छ । 'जनयुद्ध' को अन्त्य शीर्षक रहेको पहिलो खण्डमा छ ओटा लेख समाविष्ट छन् । समग्रमा ती लेखमा बाह्र बुँदे समझदारीपछि साँघुरिएको सशस्त्र सङ्घर्षको वृत्त, शान्तिपूर्ण लोकतान्त्रिक निकासको चाहनाले लिएको आकार, र सत्ता परिवर्तनको लागि लोकतन्त्र र शान्तिको आकाङ्क्षा निसृत जनआन्दोलनलाई केलाउने प्रयास गरिएको छ । माओवादीले शान्तिपूर्ण लोकतान्त्रिक निकासप्रति पटकपटक प्रतिबद्धता जाहेर गरे पनि दुइटा कुरामा बढी जोड थियो । पहिलो खण्डमा समाविष्ट लेखमा बाबुराम भट्टराईले ती पक्षलाई यसरी बुझाएको पाइन्छ :

> पहिलो कुरा, यो सेना र हतियार व्यवस्थापनको कुरा राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणको एजेण्डासँग अभिन्न रूपले जोडिएको छ । यदि समग्र राजनीतिक सहमतिको पालना गरिएन र माओवादी विरुद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको षड्यन्त्र भयो भने माओवादी मात्रै लाटाले केरा हेरेझैँ शान्ति-सम्झौताको कागजको खोष्टो हेरेर बस्ने छैन । दोस्रो कुरा, जनमुक्ति सेनाका हतियार लक्अप गरिए पनि माओवादी नेता, कार्यकर्ता र समर्थक जनताको दिमाग र हात लक्अप हुने छैनन् ।

अर्थात् लोकतन्त्र र शान्ति प्रक्रियाप्रति माओवादी इमान्दार र प्रतिबद्ध रहने छ । माओवादीले पहिलो आक्रमण गर्ने छैन । तर माओवादी विरुद्ध यदि षड्यन्त्र गरियो र सङ्कट निम्त्याइयो भने माओवादीले प्रत्याक्रमण गर्ने छ । त्यसैले यसै खण्डमा सीके लालले भने जस्तै 'जनयुद्ध' को अन्त्य नेकपा (माओवादी) को लागि रणनीतिक रूपमा सङ्घर्ष-समन्वयको उपयुक्त विकल्प थियो । अधिकांशले सीके लालले भने जस्तै 'नेपाल राज्यको निर्माण प्रक्रिया तथा नेपाली समाजको रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्न सकिने ऐतिहासिक अवसर उत्पन्न' गर्न जनयुद्धको अन्त्यले सघाउँछ भनेर अर्थ्याएका थिए । साथै राजनीतिक र सामरिक रूपमा समेत 'जनयुद्ध' को अन्त्य उचित र सकारात्मक रहेको ठहर धेरैको थियो । यस खण्डका लेखहरूबाट यस्तो आशय निकाल्न सकिन्छ ।

शान्तिपूर्ण रूपान्तरणको क्रममा माओवादीले समातेको वैचारिक रणनीतिमा दोस्रो खण्ड केन्द्रित छ । यस खण्डमा समाविष्ट लेखहरू मूलतः तीन किसिमका छन् । पहिलो प्रकार माओवादीका शीर्षस्थहरूको लेख हो । ती लेखमा 'जनयुद्ध'

गर्ने निर्णयलाई तत्कालीन समयको सबैभन्दा महान् कदम ठहर गरिएको छ। दस वर्षपछि 'जनयुद्ध' को अन्त्य उत्तिकै न्यायोचित र सही निर्णय भएको जनाउ दिएका छन् उनीहरूले। आफूलाई परिवर्तनको एक मात्र सम्बाहक भनी दाबीसमेत गरेका छन्। त्यसैले 'नयाँ नेपाल' निर्माणको खाका र केही प्रस्तावना समेत पाइन्छन्। एक दशकपछि यसरी शान्तिपूर्ण रूपान्तरणसहित बहुदलीय प्रतिस्पर्धा स्वीकार्ने बिन्दुमा आइपुग्दा माओवादीले यसलाई 'रणनीतिक' र 'सैद्धान्तिक' रूपमा स्वीकारेको भनिरहे। यस स्वीकारोक्तिलाई यसै खण्डमा मोहनविक्रम सिंह र भरत दाहालले सिद्धान्ततः माओवादीको विचलन मानेका छन्। साथै सैद्धान्तिक रणनीति नेकपा (एमाले) को बहुदलीय जनवादभन्दा पृथक् नरहेको तर्क प्रस्तुत गरिएको छ। यी दोस्रो थरी लेखहरू हुन्। यसै कोटीमा प्रदीप गिरीको लेख पनि पर्छ जसले 'समाजवादी' दृष्टिकोणबाट माओवादीको 'रणनीतिक' र 'सैद्धान्तिक' प्रतिबद्धतामाथि आशंका व्यक्त गर्दै उनीहरूमा अधिनायकवादी चाहना जीवितै रहेको र लोकतन्त्रलाई केवल छद्म रूपमा प्रयोग गरिएको तर्क अघि सारेका छन्। यसलाई पुष्टि गर्न गिरीले रुसी सन्दर्भको सहारा लिएको पाइन्छ। माओवादीको 'लोकतान्त्रिक अधिनायकवादी' इच्छा गलत हो भन्दै एक्काइसौँ शताब्दीको लोकतान्त्रिक र समाजवादी आन्दोलनले बीसौँ शताब्दीको सङ्घर्षलाई गहन रूपमा केलाउनुपर्ने र "सर्वप्रथम विशाल आमजनतालाई नागरिक अधिकारका बारेमा आश्वस्त" पार्न समाजवाद प्रतिबद्ध रहनुपर्ने आशय गिरीको छ। यही समूहमा पर्ने मुमाराम खनालको लेखमा भने 'लोकतान्त्रिक गणतन्त्र' मा प्रतिबद्धता जनाउँदै बहुदलीय प्रणालीको प्रयोगमा आफूलाई सामेल गर्नु बाहेक माओवादीसँग वैकल्पिक उपाय नरहेको तर्क गरिएको छ। अर्थात् 'केन्द्रीय सत्ता' जित्ने अवस्थामा माओवादी नरहेकोले यस्तो प्रयोग अपरिहार्य रहेको र माओवादी सफल वा असफल जे भए पनि नेपाली क्रान्तिकारीले ठूलो पाठ सिक्ने विश्वास खनालको छ। तेस्रो कोटीका लेख सपाट रूपमा माओवादीका राजनीतिक माग एवं अन्य एजेण्डालाई पन्छाउन वा विरोध गर्नको लागि पृथक् विचार प्रस्तुत गर्ने उद्देश्यले लेखिएका छन्। कनकमणि दीक्षित र जेबी पुन मगरको लेख यही उद्देश्यको उत्तम नमुना हो जहाँ सङ्घीय प्रणालीको विपक्षमा तर्कहरू स्थापित गर्न जातीय राज्यलाई माध्यम बनाइएको छ र विकेन्द्रीकरणको पक्षमा तर्क स्थापित गर्ने घुमाउरो प्रयास गरिएको छ।

तेस्रो खण्डमा समाविष्ट अधिकांश लेखहरू शान्ति वार्ता र माओवादीले अघि सारेका एजेण्डा वरिपरि केन्द्रित छन्। ती लेखको सारअनुसार अन्ततः हतियार व्यवस्थापनसँग गाँसिएका सवालहरू, माओवादी जनसेनाको उचित व्यवस्थापन

र सैन्य सवाल नै शान्ति वार्ताको निर्णायक पक्ष हुने छ। शान्ति सम्झौताको दौरान माओवादीले आफ्ना धेरै राजनीतिक अडानहरूलाई छाडे पनि संविधानसभालाई सर्तको रूपमा नछोड्ने प्रस्टै देखिएको थियो। यस खण्डको अन्तिम लेखमा सुधीर शर्मा लेख्छन्, संविधानसभा माओवादीको लागि 'जनयुद्ध' टुङ्ग्याउने माध्यम यसकारण हुने छ "कि यसले बनाउने सत्ता संरचनामा आफ्नो भूमिका सबभन्दा माथि रहनेमा उनीहरू विश्वस्त छन्।" त्यसपछि गणतन्त्रको स्थापना, सैन्य संरचनामा सुधार र राज्य पुनर्संरचनालाई माओवादीले नेतृत्व दिन सहज हुने विश्वास शर्माको लेखमा प्रतिबिम्बित छ।

चौथो खण्डमा सङ्क्रमणकालीन यात्राको उतारचढावलाई चित्रण गरिएको छ। यहाँ परेका अधिकांश लेखहरू रिपोर्ताज हुन्। यी रिपोर्ताजहरूले मूलतः 'जनयुद्ध' ले महिलाको जीवनमा ल्याएका केही सकारात्मक परिवर्तन, द्वन्द्वको समयमा विस्थापित भएका र बेपत्ता पारिएका परिवारहरूको सवाल ओझेलमा पारिएको सन्दर्भ, माओवादी कार्यकर्ताको उद्दण्डता एवं उनीहरूमा बढ्दै गएको पैसाको मात आदि पक्ष समेटेका छन्। सङ्क्रमणकालीन अवधिमा बढ्दै गएको अपराध, कमजोर राज्य-संयन्त्रको कारण शान्तिसुरक्षामा देखिएको सङ्कट, अराजकताको स्थिति साथै दुवै पक्षबाट युद्ध विराम आचारसंहिता उल्लङ्घनबारे लेखहरू परेका छन्। साथै अन्तरिम संविधानको तयारी अन्तिम अवस्थामा आइपुग्दा मधेसी असन्तुष्टिलाई कसरी माओवादी विरुद्ध प्रयोग गरियो भन्ने राम्रो विवरण यस खण्डमा समाविष्ट छ।

अन्ततः अनेकौँ राजनीतिक सम्झौता र खुद्रा-मसिना काम गर्दै माओवादीहरूले आफ्नो रणनीतिअनुरूप 'राज्यमै बसेर क्रान्ति सम्पन्न' गर्ने अवस्थामा आइपुगेको विषय वरिपरि केन्द्रित पाँचओटा लेख पाँचौँ खण्डमा परेको छ। यसै खण्डमा झलक सुवेदी लेख्छन्, सम्झौताकै माध्यमबाट माओवादीले हासिल गरेको "उपलब्धि समाजलाई हल्लाइदिने र यथास्थितिलाई भत्काएर अग्रगमनमा जान बाध्य पार्ने खालका छन्"। त्यसैले "क्रान्तिलाई 'इगो' को विषय" बनाइनु हुँदैन। माओवादी राज्यको हिस्सेदार भइसकेकोले "बाँकी कार्यसूचीलाई लागू" गर्नेतर्फ नै अबको ध्येय हुनुपर्छ। अन्य लेखहरूले सम्झौताका प्रकृति र त्यसले निम्त्याएको अन्तर्द्वन्द्वलाई एकहदसम्म केलाएको पाइन्छ। यस खण्डमा परेको अन्तिम लेखमा कृष्ण खनालले संविधानसभा अघिका व्यावहारिक चुनौतीको मसिनो विश्लेषण गरेका छन्।

पुस्तकको अन्तिम खण्डमा बाह्र बुँदेपछि राजनीतिक रूपान्तरणको क्रममा दलहरू र नेकपा (माओवादी) बीच भएको महत्त्वपूर्ण सहमति एवं समझदारीलाई

अनुसूचीको रूपमा सँगालिएको छ । त्यसैले राजनीतिक प्रतिबद्धताबाहेक समग्र राजनीतिक प्रक्रियालाई दलहरू र माओवादीले डोऱ्याउन चाहेको बाटो सहमतिका ती दस्तावेजबाट प्रस्ट हुन्छ । यद्यपि यो समयावधिबारे बुझ्नुपर्ने थप केही पक्ष छन्, जुन पुस्तकमा परेका छैनन् । माओवादीको यस शान्तिपूर्ण रूपान्तरणको छोटो अवधिलाई ठम्याउन २०६२/०६३ को बृहत् जनआन्दोलन वरिपरिको सन्दर्भलाई मिहिन रूपमा केलाउन आवश्यक छ । यस सन्दर्भले निर्देशित गरेको राजनीतिले त्यसपछिको समग्र प्रक्रियाको गुणवत्तालाई सोझै प्रभावित गरेको थियो ।

## आन्दोलनको सन्दर्भ

दस वर्ष सशस्त्र विद्रोहमा होमिएको नेकपा (माओवादी) ले शान्तिपूर्ण एवं प्रतिस्पर्धात्मक राजनीतिमा आउने वाचा गरिरहँदा धेरैलाई विश्वास थिएन । त्यसैले शान्तिपूर्ण सङ्घर्षमा माओवादी क्रमशः रूपान्तरित भइरहँदा धेरै चकित भए । अझ पनि यो प्रक्रिया टुङ्गिएको छैन । र एउटा अतिवादी पार्टी मध्यपन्थमा आउँदा उसका सबै कुरा अनुमान गर्न सम्भव हुन्न । त्यसैले माओवादीप्रति संशय एवं आशंका उत्पन्न हुनु स्वाभाविक थियो । अझ २०६२ फागुन ६ गते जब 'अन्तिम ध्वंस' को तयारीका लागि नेकपा (माओवादी) ले आह्वान गऱ्यो, त्यसपछि ऊ हतियारको मातबाट क्रमशः मुक्त हुँदै जान्छ भन्ने कुरा सहजै पत्याउने अवस्था थिएन । पछिसम्म पनि मूलतः योङ्ग कम्युनिस्ट लिग (वाइसिएल) का उद्दण्डताले माओवादीप्रति विश्वस्त समूहलाई सानो हुँदै जाने आधार दिइरह्यो । तर माओवादीले जुन राजनीतिक लचकता प्रदर्शन गऱ्यो, जसरी एकपछि अर्को राजनीतिक सम्झौता गर्दै अघि बढ्यो, त्यो धेरैको काल्पनिकीमा थिएन । त्यस्तो राजनीतिक प्रक्रियाले नेकपा (माओवादी) बाट धेरै आशा गरेकाहरूलाई निराश तुल्यायो भने माओवादीप्रति अनावश्यक रूपमा सशङ्कित बनेकाहरूको अनुमान गलत निस्कँदै गयो । शान्ति प्रक्रिया मात्र हैन समग्र राजनीतिक प्रक्रियाको गति नै धेरैले सोचेभन्दा तीव्र रह्यो । यो रफ्तारले अन्तर्राष्ट्रिय छवि कमाएका द्वन्द्व एवं शान्तिका विशेषज्ञहरूलाई चकित तुल्यायो भने तेस्रो पक्षको मध्यस्थताका लागि ठाउँ बनाउन अहोरात्र लागेका राष्ट्रिय/अन्तर्राष्ट्रिय हस्तीहरू पनि किनारा लाग्न बाध्य भए । यसले कम्युनिस्ट वृत्तमा भने 'क्रान्तिकारी मार्क्सवाद' एवं समाज परिवर्तनको पृथक् बहस प्रारम्भ गर्ने आधार तयार गऱ्यो (हेर्नुहोस् महर्जन २०६३; दाहाल २०६३; साथै यस पुस्तकमा दाहाल, गिरी, मुमाराम खनाल हेर्नुहोस्) । विभिन्न दृष्टिकोणमा विश्वास

राख्ने स्वार्थ-समूहले आ-आफ्नो किसिमले बुझ्ने प्रयास गरिरहँदा माओवादी सङ्घर्षको शान्तिपूर्ण रूपान्तरण मात्र हैन, शान्ति सहित समग्र राजनीतिक प्रक्रिया नै नितान्त पृथक् र विश्वको अरू देशभन्दा भिन्न हुँदै गयो । यही मौलिकपनको कारण समेत नेपालको राजनीतिक प्रक्रियाप्रति अन्तर्राष्ट्रिय समुदाय झन् चनाखो रह्यो ।

नेकपा (माओवादी) ले लिएको सम्झौताको राजनीतिक बाटोको कारण क्रान्तिलाई बुझ्ने कार्य बढी नै जटिल र अपर्याप्त बन्दै गयो । खासगरी २०६३ वैशाख ११ उप्रान्त सात दलले माओवादीलाई पन्छाएर सम्झौता गर्‍यो । तर न हारको अवस्था न जितको स्थितिमा रहेको माओवादी सो सम्झौतालाई आलोचनात्मक समर्थन गर्दै सात दलकै स्वार्थलाई मान्यता दिन हतारियो । यस्तो हड्बड तत्कालीन समयमा बृहत् जनआन्दोलनको जश लिने उद्देश्यबाट प्रेरित त थियो नै, सँगै सशस्त्र सङ्घर्ष बिसाउने चटारो पनि माओवादीमा देखिन्थ्यो । त्यसैले छोटै अवधिमा ‘सङ्क्रमणकालीन सम्झौता’ को आवरणमा सात दलकै राजनीतिक स्वार्थलाई धेरै हदसम्म मान्यता दिने कार्यमा माओवादी वैशाख ११ पछि लगत्तै अल्झियो । माओवादीको यस्तो ‘कार्यनीतिक लचकता’ ले क्रान्तिलाई बुझ्ने कार्य झन् कठिन त भयो नै सँगै आमूल परिवर्तन पनि दुर्लभ बन्दै गयो ।

वैशाख पूर्व माओवादी विद्रोहलाई तीन अवधारणामा बुझिँदै आएको पाइन्छ । पहिलो बुझाइ ‘गरिबीले विद्रोहलाई जन्म दिन्छ’ भन्ने मान्यताबाट बढी प्रभावित थियो । गरिबीकै कारण ढिलोछिटो राजनीतिक परिचालनले बृहत् रूप धारण गर्दै माओवादी विद्रोहलाई सघाएको विश्वासमा धेरै लेखिए । अनेकौं विश्लेषण गरिए । राज्य कमजोर, असक्षम एवं असफलताको बाटोमा भासिँदै गएकोले माओवादी विद्रोहले आधार पाएको तर्क दोस्रो मान्यतामा विश्वास गर्नेहरूको रह्यो । राज्यको अनुपस्थितिले नै माओवादी विद्रोहलाई तीव्र रूपमा विस्तार हुन सघाएको तर्कमा यो धार विश्वस्त थियो । तेस्रो मान्यता बोकेकाहरूले आमूल परिवर्तनको विचारधाराले विद्रोहलाई जग मिल्यो भने (हेर्नुहोस् थापा सन् २००३; गौतम र अन्य २०६४; मिश्र सन् २००४; थापा साथमा सिजापति सन् २००३) । अर्थात् नेकपा (माओवादी) ले लिएको वैचारिक दृष्टिकोण एवं माओवादी विचारधाराकै कारण विद्रोह सम्भव देखिएको, सघन हुँदै गएको तर्क यस बुझाइमा निहित थियो । तथापि खुला राजनीतिमा आएपछि माओवादीले समातेको गोरेटो, उसले दर्शाएको सुझबुझ एवं ‘सङ्क्रमण’ को आवरणमा गर्दै गएको एकपछि अर्को सम्झौताले माओवादी विद्रोहलाई ठम्याउन खोज्ने यी सबै मान्यताहरू अलमलमा परे । अपूर्ण पनि देखिए । खुला राजनीतिमा माओवादीको

अवतरण भएपछि ऊ आफैँ अलमलमा परेको र राज्यको हिस्सेदार हुन हतारिएको कारणले समेत माओवादीका क्रियाकलापलाई बुझ्ने अवधारणा एवं दृष्टिकोण अपर्याप्त हुँदै गएको देखिन्छ ।

जब सात दलको गठबन्धनले वैशाख ११ मा राजासँग सम्झौता गऱ्यो बाध्यात्मक परिस्थिति देखाउँदै माओवादीले त्यसलाई समर्थन गऱ्यो । त्यत्रो विशाल सङ्ख्यामा आममानिसले लोकतन्त्रको पक्षमा दर्शाएको सक्रिय अभिमतले नै वैशाखको लालीगुराँस विद्रोह सम्पन्न भएको र राजनीतिक परिचालन सम्भव भएको थियो । माथि भनिएजस्तै सो विद्रोहको जश आफूले पनि लिने हतारोमा माओवादी सात दलले गरेको सम्झौतालाई स्वीकार्ने बिन्दुमा छिट्टै आयो । सात दलले गरेको राजनीतिक सम्झौता भने मूलतः दुई प्रमुख मान्यताबाट अभिप्रेरित थियो । पहिलो, राजा/राजसंस्था भएन भने देशमा अस्थिरता आउँछ । दोस्रो, बृहत् आन्दोलनलाई निरन्तर जारी राख्यो भने माओवादीले राज्य कब्जा गर्ने माहोल निर्माण हुन्छ । त्यसैले राजासँगको सम्झौता सात दलको लागि उचित विकल्प रह्यो । र त्यसपछिका दिनमा 'सेरिमोनियल राजतन्त्र' को बहस राजसंस्था बचाउने ध्येयले केन्द्रमा रह्यो ।

२०६२/०६३ को बृहत् जनआन्दोलनपछि समेत समग्र राजनीतिलाई यिनै दुई राजनीतिक स्वार्थले डोऱ्यायो । जनआन्दोलनमा मानिसको सक्रिय सहभागितादेखि झस्किएको नेकपा (माओवादी) ले पनि त्यसलाई समर्थन गर्ने र जश लिने बाहेक अन्य विकल्पबारे सोच्न सकेन । हतारमा उसले 'आन्दोलन जारी रहने' अपील भने गरेको थियो । सात दलभित्रका गणतन्त्रवादी एवं परिवर्तन पक्षधर भनी सङ्घर्ष गरिरहेका राजनीतिकर्मीहरू पनि जनलहरको बहाडमा विचारशून्य देखिए । त्यसैले बेलैमा हस्तक्षेपकारी भूमिका खेल्दै सम्झौताको स्थिति नै आउन नदिने, पछि पनि रचनात्मक हस्तक्षेपकारी भूमिका खेल्ने एवं जनआन्दोलनलाई परिवर्तनको पक्षमा प्रयोग गर्न नयाँ गठबन्धन, राजनीतिक दबाब आदि निर्माण हुन सकेन । पार्टी भित्र परिवर्तन पक्षधर र यथास्थितिवादीबीच ध्रुवीकरण बढिरहेको दाबी धेरैले गरिरहे पनि कुनै रचनात्मक हस्तक्षेपकारी भूमिकामा परिवर्तन पक्षधरहरू देखिएनन् । परिणाम विश्वलाई चकित तुल्याउने शान्तिपूर्ण विद्रोहपछि समेत सम्झौतामूलक राजनीतिलाई बढावा दिन सात दलका शीर्षस्थहरूलाई सहज भयो । त्यसैले पुनः एक पटक यथास्थितिवादी स्वार्थ एवं शक्ति-सम्बन्धलाई संरक्षण दिने बिन्दुबाट राजनीतिक विकासक्रम प्रारम्भ भयो । अर्थात् वैशाख ११ पछि शाही सत्ता ढल्नु यथार्थ भए पनि आखिरमा परिवर्तन विरोधी राजनीतिक स्वार्थलाई जोगाइराख्ने मनसुवामा नै 'आमूल

परिवर्तन' र 'नयाँ नेपाल' का नाराहरू सर्वत्र फैलिए । विद्रोहलाई बुझ्ने सैद्धान्तिक अवधारणाले प्रायशः क्रान्तिको ऐतिहासिक प्रक्रियालाई ओझेलमा पारेको हुन्छ भन्ने धेरै इतिहासकारहरूले गरिरहेको टिप्पणी यसपछिका दिनहरूमा नेपालमा पनि सही सावित भयो, जब तत्कालीन राजनीतिक सन्दर्भमा नेकपा (माओवादी) पनि बाँधिदै गए ।

क्रान्तिकारी द्वन्द्व विकसित हुँदै त्यसले विभिन्न स्वरूपहरू ग्रहण गरिरहँदा क्रान्तिको प्रक्रिया, त्यसको सम्बाहक, वैचारिक धरातल एवं उपलब्धिहरू कसरी प्रभावित हुन्छन्, त्यसलाई मिहिनसँग हेरिनु पर्छ । त्यसैले क्रान्तिकारी प्रक्रियाको विश्लेषणमा निश्चित ठाउँ एवं समयको महत्त्व पनि उत्तिकै देखिन्छ । यस मान्यताले मूलतः सम्बाहक, विचारधारा एवं क्रान्तिकारी प्रक्रियामा बढी जोड दिन्छ (गोल्डस्टोन सन् २००३) । यो माथि चर्चा गरिएको तीन प्रमुख मान्यताभन्दा पृथक् छ । तर यी सबै पक्ष एवं सन्दर्भलाई ध्यानमा राख्दै माओवादी विद्रोहको विश्लेषण उतिसारो भएको पाइँदैन । यस पुस्तकमा समाविष्ट लेखहरूमा यसका ज्वलन्त दृष्टान्त हुन् ।

चैत-वैशाखमा सम्पन्न शान्तिपूर्ण विद्रोहमै माओवादीले केही सुझबुझ र राजनीतिक प्रतिबद्धता पुनः एकपटक प्रमाणित गरिसकेका थिए । 'शान्तिपूर्ण लोकतान्त्रिक निकास' प्रति देखिएको जनमतलाई माओवादीहरूले समेत कदर गरेकै कारण जनआन्दोलन ऐतिहासिक एवं शान्तिपूर्ण हुन सक्यो । माओवादीको तर्फबाट व्यावहारिक तवरमा यो बाह्र बुँदामाथिको प्रतिबद्धता समेत थियो । तथापि सो विद्रोह सर्वसाधारणको स्तरबाट माओवादीको सशस्त्र सङ्घर्षलाई एउटा राम्रो झापड पनि थियो, जसले 'शान्तिपूर्ण लोकतान्त्रिक निकास' लाई राजनीतिक परिवर्तनको प्रमुख माध्यम मात्र होइन आकाङ्क्षा समेत बनायो । यद्यपि दस वर्ष सशस्त्र सङ्घर्ष नभएको भए, माओवादीहरूले अपहेलित एवं परित्यक्तहरूको पक्षमा निरन्तर आवाज उठाउँदै राजनीतिक परिचालन नगरेको भए लालीगुराँस विद्रोह नहुने दावीमा 'आंशिक सत्यता' भए पनि जनआन्दोलनको प्रमुख सन्देश 'शान्तिपूर्ण लोकतान्त्रिक निकास' रह्यो । नेकपा (माओवादी) को सिद्धान्त एवं राजनीतिक आकाङ्क्षामा निहित केवल एक दलीय एकाधिकार वा काल्पनिक सत्ता-कब्जाप्रति लालीगुराँस विद्रोहको समर्थन थिएन । त्यसैले सो विद्रोह वैचारिक तवरमा माओवादी चिन्तन एवं सशस्त्र सङ्घर्षको हार थियो ।

२०४६ सालपछि जस्तै लालीगुराँस विद्रोहपछि पनि सात दलीय गठबन्धनले आन्दोलनको उचित मूल्याङ्कन र कदर गर्न सकेन । न त विशाल जनलहरको सन्देशलाई नै उनीहरूले आत्मसात गर्न सके । त्यसैले 'राजसंस्थालाई बचाउने'

र 'माओवादी कब्जादेखि राज्यलाई जोगाउने' आडमा यथास्थितिवादी स्वार्थबीच मेल भयो र वैशाखको सम्झौता गरियो। परिणाम त्यसपछिको राजनीतिक घटनाक्रम सार्थक एवं आमूल परिवर्तन विरोधी सोचबाट अघि बढ्यो। 'आमूल परिवर्तन' र 'नयाँ नेपाल' सम्झौता र दस्तावेजको चाङमा नै सीमित बन्दै गए। नेकपा (माओवादी) लाई मूलधारमा ल्याउने नाममा सात दलबाट यथास्थितिलाई जोगाउन भरमग्दुर प्रयास भयो। त्यस्तै सङ्क्रमणकालीन बाध्यतालाई आधार बनाउँदै 'सम्झौताको राजनीति' लाई माओवादीले पनि सघाएकोले यथास्थितिलाई धेरै हदसम्म टेवा पुग्यो। नतिजा माओवादीको राजनीतिक लचकताले चरम रूप धारण गर्‍यो। राजनीतिक लचकताको आवरणमा माओवादीको हतारोले कतिपय सन्दर्भमा अत्यावश्यक अडान समेत लिन छोड्यो। माओवादीको सो आतुरी र हतियारबेगर राजनीति गर्नुपर्ने सङ्क्रमण अवस्थाको सात दलीय गठनबन्धका ठूला दलहरूले व्यापक फाइदा उठाए। छोटो राजनीतिक स्वार्थबाट सात दलीय रणनीति अभिप्रेरित थियो। त्यसैले वैशाखपछिको लामो अवधिसम्म माओवादी असमञ्जस देखिएकोले केही महत्त्वपूर्ण गल्तीहरू भए। तर तत्कालीन समयमा नेपाली समाजमा भएको बहस/चिन्तनले यस्ता अनगिन्ती तर महत्त्वपूर्ण पक्षहरूलाई केन्द्रमा राखेर मन्थन गरेको पाइँदैन। उदार लोकतन्त्रको एकोहोरो एवं एक पक्षीय चाहनाले आर्थिक-राजनीतिक वृत्तलाई गाँजेका कारण समेत यस्ता अत्यावश्यक पक्षले उचित ठाउँ पाएनन्। माओवादीलाई एक्ल्याउने उद्देश्यबाट समेत यस्ता चिन्तन अभिप्रेरित थिए। त्यसैले यस पुस्तकमा समेत त्यस्तो चिन्तनको खडेरी राम्रै देखिन्छ।

## माओवादीको त्रुटि

वैशाख लगत्तै माओवादी सामु तीन थरी बडेमानका चुनौती थिए। पहिलो, खुला राजनीतिमा एकपछि अर्को सम्झौता गर्दै जाँदा पार्टीभित्र आमूल परिवर्तनकामी आकाङ्क्षा, आवेग र उर्जालाई पार्टी पङ्क्तिमा कसरी जीवित राख्ने? साथै पार्टीले गरेका निर्णयहरू सही हो भनेर पार्टी पङ्क्तिलाई कसरी बुझाउँदै लाने? दोस्रो, परिवर्तन विरोधी शक्ति-सम्बन्धहरूसँगको सहकार्यमा परिवर्तनको पक्षमा समग्र राजनीतिक प्रक्रियालाई कसरी डोर्‍याउने? यस्तो सङ्घर्ष-समन्वयको क्रममा पार्टीलाई ठूलो क्षति हुनबाट कसरी बचाउने? तेस्रो, यही राजनीतिक प्रक्रियाभित्र अति महत्त्वपूर्ण हिस्साको रूपमा रहेको शान्ति प्रक्रियालाई मूलतः 'जनसेना' को मनोबल उच्च राख्दै कसरी सम्पन्न गर्ने? यही क्रमका सैन्य

सुधारका सवालहरूलाई राजनीतिको केन्द्रमा कसरी स्थापित गर्ने ? शान्तिपूर्ण रूपान्तरणका लागि आधारभूत चुनौती पनि यिनै थिए ।

समग्र राजनीतिक प्रक्रियामा माओवादी सबैभन्दा महत्त्वपूर्ण पक्ष भए पनि एकल खेलाडी थिएन । मूलतः सात दलका आफ्नै स्वार्थ-सम्बन्धले यो प्रक्रिया र नेकपा (माओवादी) को सम्पूर्ण गतिविधिलाई प्रभावित पार्ने निश्चित थियो । यस प्रक्रियामा कुनै अन्तर्राष्ट्रिय शक्ति वा तेस्रो पक्षको प्रत्यक्ष संलग्नता नभए पनि सात दलमार्फत विदेशी स्वार्थ-सम्बन्धको हरपल उपस्थिति थियो । माओवादीले पनि भारतीय हस्तक्षेपलाई पन्छाउन नसकेपछि 'परिवर्तनको पक्षमा गरिएको सहयोग' भनी भारतलाई रिझाइरह्यो । त्यसैले माओवादीलाई त्रुटि गर्न बाध्य पार्ने राजनीतिक परिवेश पर्याप्त विद्यमान थियो । माओवादी आफैँले धेरै त्रुटिहरू गर्दै जाने आन्तरिक कारणहरू पनि प्रशस्तै थिए ।

खराब अवस्था र सापेक्षित राम्रो प्रक्रियाको आँकलन माओवादीले गरेका थिए (यसबारे थप व्याख्या यसपछिको खण्डमा छ) । तर बीचको ढुलमुले र अलमलको बाटोबारे मिहिन तयारी नगरेकै कारण माओवादीका अधिकांश त्रुटिहरू यहीँबाट प्रारम्भ भए । राजनीतिक प्रक्रियालाई परिवर्तनतर्फ डोऱ्याउने प्रस्ताव माओवादीले अघि सार्दा त्यस्ता मागहरूप्रति दृढ एवं अनुदार हुने काममा नै सात दलका शीर्षस्थहरू बढी हाबी रहे । यो कार्यशैलीलाई सात दलले रणनीतिको रूपमा प्रयोग गऱ्यो । माओवादीको धैर्यलाई परीक्षण गर्ने एवं उनीहरूलाई गलाएर यथास्थितिमै होम्ने योजना थियो यो । परिणाम माओवादीले प्रारम्भमा संसद् विघटनको माग छोडे, बिस्तारै बाह्र बुँदे समझदारीमा उल्लेख गोलमेच सम्मेलनमा अडिग रहेनन् । माओवादीको तर्फबाट यो ठूलो भूल रह्यो । वैशाख लगत्तै गोलमेच सम्मेलनको मागमा माओवादी अडेको भए सर्वप्रथम यथास्थितिवादी चिन्तनको प्रतीक रहँदै आएको २०५ सदस्यीय प्रतिनिधिसभाको आयु छोटो हुन्थ्यो । प्रकारान्तरले ३०२ सदस्यीय अन्तरिम संसद बन्दैनथ्यो । त्यस्तै ६०१ को जम्मोरी संविधानसभा नेपाली जनताले बेहोर्न पर्दैनथ्यो । अर्थात् परिवर्तन विरोधी जमात एवं चिन्तन वैशाखपछि सशक्त हुने थिएन ।

गोलमेच सम्मेलन यदि भएको भए वैशाखको आन्दोलनसँगै स्थापित भएका नयाँ विचार एवं शक्तिले रचनात्मक हस्तक्षेप गर्ने आधार बढी हुन्थ्यो । यसले सामाजिक-आर्थिक वृत्तमा सार्थक परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्थ्यो । साथै यथास्थितिवादी स्वार्थ एवं शक्तिलाई अझ कमजोर बनाउन केही योगदान पुग्थ्यो । तर यस्तो भएन । परिवर्तन विरोधी शक्तिहरू हावी भएकै कारण सात

दलले आफूहरूभन्दा बाहिरका सबै प्रकारका आन्तरिक शक्तिलाई सबै किसिमको छेकथुन गर्न प्रारम्भदेखि खेल खेल्यो । यसले परिवर्तन विरोधी अन्तर्राष्ट्रिय स्वार्थ एवं चलखेललाई भने रोक्न सकेन । यसलाई नेकपा (माओवादी) ले पनि साथ दियो । यही कारण सबै शक्ति-सम्बन्धलाई ज्युँका त्युँ राख्ने राजनीतिक स्वार्थ, आर्थिक स्वार्थ एवं शक्ति बाँडफाँटको राजनीतिमा दलहरू होमिए । नतिजा केवल देखावटी परिवर्तनतर्फ राष्ट्रलाई डोऱ्याउने लामो अभ्यास भयो । माओवादी सम्मिलित यो राजनीतिक प्रक्रियालाई प्रभुत्वशाली ठूला तप्काले महान् कार्य एवं विशाल उपलब्धिको रूपमा प्रस्तुत गरेकै कारण सर्वसाधारणका जीविकाका सवाल ओझेलमा पारिँदै लगियो । सरकार नियमित काम समेत नगर्ने संयन्त्रमा परिणत भयो । यसले सरकारलाई आमनागरिकप्रति झन् अनुत्तरदायी बनाउँदै लग्यो भने राज्यलाई अझ जीर्ण र कमजोर । तर राज्यको हिस्सा हुन आतुर माओवादीले कानुनी राज्यको सङ्कट, मक्किएको राज्य र असफल सरकारलाई आफ्नो स्वार्थमा देखे । यो उनीहरूको लागि पुरानो सत्ताको पतन उन्मुख अवस्था थियो । त्यसैले सङ्क्रमणकालीन सम्झौताको नाममा सबै प्रकारका स्थिति उनीहरूलाई स्वीकार्य हुँदै गए । अन्ततः माओवादी त्यही राज्य-संयन्त्रको सम्बाहक हुने प्रयत्नमा मात्र लागेन, पुरानो चिन्तन र कार्यशैलीलाई वैधानिकता दिँदै अघि बढ्यो ।

माओवादी आफूले 'पुरानो सत्ता' भन्दै आएको राज्य संयन्त्रलाई वैधानिकता दिन यति आतुर थियो कि गोलमेच सम्मेलनको प्रस्ताव छाडेको केही समयपछि नै गणतन्त्र घोषणाको माग त्यागे र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अडान समते छाडे । अन्यथा अन्तरिम संविधान तयार नहुने अनि उनीहरू सरकारमा सामेल हुने आधार नबन्ने भयो ।

राजनीतिक अडान र माग इतर रणनीतिक रूपमा पनि केही महत्त्वपूर्ण पक्षहरूलाई समयमै ठम्याउन नसकेको कारण माओवादी कतिपय ठाउँमा चुक्दै गयो । माओवादीलाई अल्झाउने प्रयास धेरै हुन्छ भन्ने आँकलन नगरेकै कारण "'जनयुद्ध' गर्नु भन्दा 'खुला राजनीति' मा आफ्नो विचार स्थापित गर्न साथै कार्यक्रम अघि बढाउन धेरै गाह्रो रहेको" स्वीकारोक्ति धेरै माओवादी नेताहरूको थियो । २०६३ फागुनमा खुला मञ्चमा राजनीतिक सभामा पहिलो पटक सार्वजनिक हुँदा माओवादी अध्यक्ष प्रचण्डले समेत महत्त्वका साथ यही तथ्यलाई दोहोऱ्याएका थिए । यसले माओवादीहरू खुला राजनीति र त्यसमा हुनसक्ने अलमल एवं चलखेलको कच्चा खेलाडी थिए भनेर अनुमान गर्न गाह्रो भएन । अर्को शब्दमा 'जनयुद्ध' को समयमा जस्तो लुकेर 'दुश्मन' लाई भौतिक प्रहार गर्ने, पराजित

गरेपछि विजयोत्सव मनाउने साथै जितको प्रपञ्चमा कार्यकर्तालाई डोऱ्याउने कार्य जति सजिलो थियो खुला राजनीतिमा गरिने प्रतिस्पर्धा एवं अन्य राजनीतिक शक्तिहरूको वैचारिक एवं व्यावहारिक चलखेललाई चिर्ने र पराजित गर्ने कार्य सहज नहुने अनुभवको अभिव्यक्ति थियो त्यो । यसै पनि गाह्रो हुने प्रतिस्पर्धात्मक राजनीति माओवादीहरूको लागि सशस्त्र सङ्घर्षको पृष्ठभूमिबाट शान्तिपूर्ण रूपान्तरण चाहेको कारण झन् कठिन थियो । 'हतियार त्याग्नै पर्छ' भन्ने अडानमा अन्य दलले जतिसुकै दृढता प्रस्तुत गर्नसक्ने; यसैलाई आधार बनाएर माओवादीका धेरै राजनीतिक मागलाई लत्याउन सक्ने; माओवादीलाई हतारो भए पनि अन्य राजनीतिक दलले प्रक्रियालाई लम्ब्याउन चाहने; र माओवादीले राजनीतिक लचिलोपन प्रस्तुत गर्ने बाहेक विकल्प सीमित रहने आदि पक्षहरूबीच अन्य शक्तिले माओवादीलाई अल्झाउने, बीच बाटोमा घुमाइरहने कार्यशैलीबारे माओवादीले उति सोचेका थिएनन् । त्यसैले उनीहरूको लागि जनआन्दोलनदेखि सरकारमा समाहित भएसम्मको यात्रा सम्झौताको लामो शृङ्खला रह्यो । आफ्नो पार्टी पङ्क्तिभित्र र सार्वजनिक रूपमा बचाउको लागि माओवादी नेतृत्वले यो प्रक्रियालाई 'सङ्क्रमणकालीन सम्झौता' र 'अन्तरिम अवधि' भन्यो ।

वैचारिक रूपमा पनि माओवादीबाट केही महत्त्वपूर्ण त्रुटि भए । अन्य दलका नेताहरू जस्तै माओवादीले पनि नेपाललाई कहिले सिङ्गापुर त कहिले स्वीजरल्याण्ड बनाउने बेतुकका उदाहरणहरू प्रस्तुत गरिरहे । २०६३ असार २ गते जब सात दल र नेकपा (माओवादी) बीच आठ बुँदे समझदारी भयो प्रचण्डले पहिलो पटक आफूलाई सार्वजनिक गरे । सो प्रेस सम्मेलनमा उनले नेपाललाई 'केही वर्षभित्रै सिङ्गापुर बनाउने' वाचा गरे । कम्युनिस्ट आन्दोलन हाँकेको र दस वर्ष सशस्त्र सङ्घर्ष गरेर सार्वजनिक भएको दलका शीर्ष नेतृत्वले नेपालसँग उदाहरण दिन धेरै हिसाबले नमिल्ने सिङ्गापुर जस्तो सानो सहरी-राज्य, दक्षिणपन्थी एकलतन्त्रीय राष्ट्र, अमेरिकी छत्रछायाँमा उदाएको 'नयाँ पूँजीवादी देश', साथै सन् १९५० को अन्त्य र १९६० ताकादेखि नै प्रारम्भ भएको विकासे राज्यको उदाहरण दिनु गलत थियो । यस्तो नमुनाले माओवादीका कार्यकर्ताहरूलाई पुगेको चोट सहजै अनुमान गर्न सकिन्थ्यो । साथै अन्य वाम र गैर-वाम खेमाका माओवादी समर्थक एवं शुभचिन्तकहरूबीच उनीहरूले आशा र भरोसा मात्र गुमाउँदै गएनन्, सँगै माओवादीको छविमा पनि ह्रास आउँदै गयो । यसको अलावा माओवादीका शीर्षस्थहरूले विकासलाई सतही रूपमा बुझेको, नेपाली समाजमा रहेको विविधताको जटिल आयाम र सामाजिक-आर्थिक परिवर्तनको अन्तरसम्बन्धको व्यावहारिक गहनतालाई नसमातेको, अन्तर्राष्ट्रिय वर्चश्वलाई र पूँजीवादी शक्ति-

सम्बन्धको प्रभाव एवं हस्तक्षेपलाई हचुवाका भरमा मात्र आँकलन गरेको आदि धेरै पक्ष नेकपा (माओवादी) जस्तो पार्टीको नेतृत्वले सिङ्गापुरको उदाहरण पेश गर्नुबाट समेत बुझिन्थ्यो । यो अभिव्यक्ति खुला राजनीतिमा आएपछि के गर्ने, कसरी गर्ने विषयमा माओवादीले पर्याप्त तयारी नगरेको दृष्टान्त समेत थियो ।

माओवादीले यसरी तयारी नगर्नु पछि सशस्त्र सङ्घर्षको अवधिको वैचारिक चिन्तन एवं कार्यशैली ठूलो दोषी थियो । युद्ध प्रपञ्चको उत्कर्षमा पुग्दै जाँदा माओवादीहरूले 'नयाँ सत्ता' सञ्चालन भइरहेको, 'क्रान्तिकारी जनसरकार' ले नयाँ प्रयोगहरू गरिरहेको आदि प्रचारवाजीलाई तीव्र बनाए । यिनै प्रपञ्चलाई आधार बनाएर माओवादीले राज्य-व्यवस्थाका 'नयाँ मोडल' एवं आर्थिक क्षेत्रमा 'क्रान्ति' गर्ने नारालाई व्यापक तवरमा उपयोग गरिरहे । तर उनीहरूले दाबी गरिरहेको 'आधार इलाका' मा न त सरकारको कार्यशैली र व्यवस्थापकीय संरचनाबारे, न त आर्थिक उत्पादनका नमुनाहरूबारे नै स-साना र भिन्दाभिन्दै तर उल्लेख्य प्रयोग भएका थिए। त्यसैले पृथक् किसिमको वा उनीहरूको भाषामा 'नयाँ' एवं 'क्रान्तिकारी' प्रयोगको अनुभव नभएकोले बहुदलीय प्रतिस्पर्धामा फर्कंदा 'नयाँ नेपाल' को नाराबाहेक माओवादीसँग अनुभवबाट सँगालिएका ठोस र राष्ट्रिय स्तरमा विस्तार गर्न मिल्ने मोडल थिएन - न आर्थिक प्रयोगका क्षेत्रमा, न त राज्य-व्यवस्था सञ्चालनको वृत्तमा नै । यही कारण बिस्तारै माओवादीको युद्ध प्रपञ्च एवं 'रहस्य' त्रुटिको शृङ्खलामा एकपछि अर्को गर्दै झन् सघन हुँदै गयो ।

अन्तरिम सरकारमा समेल हुने अवस्थासम्म उनीहरूले गोलमेच सम्मेलन, गणतन्त्र, राज्यको सङ्घीय संरचना, पूर्ण समानुपातिक निर्वाचन प्रणालीलगायत राजनीतिक मागहरू मात्र पर धकेलेका थिएनन् माओवादीप्रतिको आकर्षण, क्रान्तिकारी छवि, कार्यकर्ताको उर्जा र उत्साह आदि धेरै कुरामा ह्रास आएको थियो । यस्ता अनेकौं कमजोरीका बाबजुद अन्य दलसँग आमूल परिवर्तनको लागि माओवादीले अघि सारेकाभन्दा पृथक् एवं आकर्षण राजनीतिक एजेण्डा भने थिएन । गैर-कम्युनिस्ट वा कम्युनिस्ट विरोधी चिन्तन र उदार लोकतन्त्र नै नेपाली काँग्रेसको मूल एजेण्डा थियो भने नेकपा (एमाले) उनीहरूले भन्दै आएको 'जनताको बहुदलीय जनवाद' मै माओवादी फर्किएकोले आफ्नो विचारको जित भएको दाबी गर्नमै व्यस्त रह्यो । यसले सम्पूर्ण राजनीतिलाई माओवादीको एजेण्डा वरिपरि केन्द्रित गऱ्यो । ती दलहरू परिवर्तनप्रति अनुदार समेत थिए । यो वास्तविकता माओवादीको लागि विशाल राजनीतिक फाइदा बन्यो । त्यसैले

लामो दूरीमा ठूलो नोक्सान बेहोर्नु नपर्ने बाह्य आधारहरू माओवादीलाई उपलब्ध थिए ।

अर्कोतर्फ 'नयाँ नेपाल' सँगसँगै भिन्न संसदीय व्यवस्था र सरकारको मोडलबारे माओवादीले डिङ् हाँकिरह्यो । राज्य-व्यवस्था र त्यसलाई सञ्चालन गर्ने संयन्त्रबारे उसले खासै चिन्तन गरेको थिएन । त्यसैले पुरानै व्यवस्थामा फर्किने, ती व्यवस्थालाई नयाँ नाम दिने, र हदै भएमा नयाँ कार्यशैली अपनाउने सन्देश मात्र माओवादीहरूले दिन सके । सापेक्षित रूपमा अन्य दलभन्दा इमान्दार र प्रतिबद्ध भने उनीहरू देखिए । यस्ता केही मसिना आशा बाहेक माओवादीले आमूल परिवर्तनको लागि धुमधाम रचनात्मक हस्तक्षेप गर्छ भन्ने आकर्षण ऊ सरकारमा सामेल हुने समयसम्म आइपुग्दा बाँकी थिएन । सङ्क्रमणकालीन यात्रा खण्डमा समावेश गरिएका लेखहरूले यसैतर्फ सङ्केत गरे पनि सो अवधिको गहन विश्लेषण एवं बहस हुन सकेन । त्यसैले यस पुस्तकमा राजनीतिक प्रक्रियालाई केन्द्रमा राखेर लेखिएका मिहिन वैचारिक एवं रणनीतिक अध्ययन छैनन् ।

## माओवादी बुझाइ

सशस्त्र विद्रोहबाट सत्ता कब्जा गर्न नसकिने आन्तरिक मूल्याङ्कनपछि माओवादीको रणनीतिमा ठूलो परिवर्तन आएको थियो । वैशाख पूर्व उनीहरू 'राज्यका विद्रोही' थिए । त्यसपछि क्रमशः सरकारमा सामेल नभएको अवस्थामा समेत सत्ताका साझेदार रहे । कारण सात दल र नेकपा (माओवादी) को रोहबरमा नै सबै निर्णय हुन्थ्यो । सरकारको काम कारबाहीलाई पनि तिनै निर्णयले दिशानिर्देश गर्थ्यो । त्यसैले वैशाख उप्रान्त माओवादीहरू छोटै अवधिमा राज्यको हिस्सेदार भए र सम्भव भएमा आफैं नेतृत्व गरेर क्रान्ति गर्ने रणनीतिमा विश्वास राख्दै खुला राजनीतिमा आए । अन्यथा भिडन्तको सम्भावना सदैव जीवित थियो ।

२०५७ फागुन १४ मा सम्पन्न नेकपा (माओवादी) को दोस्रो राष्ट्रिय सम्मेलनपछि 'नयाँ मूलधार' मा आउने निर्णय माओवादी आफैंबाट प्रारम्भ भएको थियो । सात दलका शीर्षस्थहरू एवं दलभन्दा बाहिरका हस्तीहरूले माओवादीलाई 'मूलधार' मा ल्याएको जति नै धाकधक्कु लगाए पनि खुला राजनीतिमा आउने विभिन्न प्रयोग गर्न माओवादीहरू स्वयं तयार भएका हुन् । बाह्य परिवेश उनीहरूको प्रतिकूल रहेको मूल्याङ्कन समेत आन्तरिक थियो । माओवादीको मानसिक एवं रणनीतिक तयारीलाई अन्य पक्षले सहयोग मात्र पुऱ्याएका थिए । केवल माओवादीहरू नै यसको लागि धेरै पहिलेदेखि तयार

रहेकोले सबै शान्ति वार्ताहरू माओवादीले प्रस्तुत गरेको एजेण्डामा मात्र केन्द्रित भयो। जहिले पनि राज्य पक्ष माओवादीले राखेको एजेण्डाबाट प्रवेश गर्ने भएकोले कि त वार्ताहरू माओवादीको एजेण्डामा भए कि हुँदै भएनन्। यही प्रयोगकै कारण माओवादीले विभिन्न समयमा संसदीय दलका प्रतिनिधिसँग, राजाको सत्तासँग वा भनौं मान्य-अमान्य, वैधानिक-अवैधानिक सबै थरी शासन व्यवस्थामा आफ्नो प्रयोग र वार्ताको प्रयासलाई जारी राखे। माओवादीले अपनाएको यस्तो रणनीतिमा पाँच ओटा सन्देश थिए : क) माओवादी 'जनयुद्ध' थेग्ने स्थितिमा छैनन्, ख) उनीहरू राज्यसत्ता कब्जा गर्न सक्दैनन्, ग) दुईमध्ये एक शक्तिलाई कमजोर बनाउन राजावादी वा संसदीय दलहरूसँगको गठबन्धन अनिवार्य छ, घ) खुला राजनीतिमा आउने लोकप्रिय एवं वैधानिक आधार दलहरूसँगको समझदारी हो, ङ) गणतन्त्रको लागि बृहत् मोर्चाबन्दी आवश्यक छ। अर्थात् आधिकारिक रूपमा माओवादी खुला राजनीतिमा आउने ऐन मौकाको प्रतिक्षामा छन्। यी सन्देश बाहेक अतिवादी धारबाट माओवादी खुला राजनीतिमा आएको साथै अन्य शक्तिहरू परिवर्तन विरोधी रहेको कारण कुनै पनि समय भिडन्त हुने अनुमान एवं संशय त्यसताका सर्वत्र छाएको थियो।

वैशाखको जनलहरको प्रकृति, गुण र विशेषताको कारण जसरी ज्ञानेन्द्रको शाही सत्ता पराजित भयो त्यो माओवादीको लागि खुला राजनीतिमा आउने उचित आधार बन्यो। माओवादीको रणनीतिक प्रतिज्ञालाई ज्ञानेन्द्रको अकर्मण्यता एवं राजावादीहरूको प्रतिउत्पादक कामकारबाहीले पनि धेरै सहज बनाइदियो। यस तथ्यलाई नेकपा (माआवादी) अध्यक्ष प्रचण्डले धेरै सार्वजनिक कार्यक्रममा स्वीकारेका छन्। शाही शासनका धेरै कर्तुतका कारण सात दल र माओवादी एकै ठाउँमा आउनु सात दलको लागि बाध्यात्मक राजनीतिक ध्रुवीकरण भए पनि अन्ततः बाह्र बुँदेको विषयवस्तुले नै खुला राजनीतिमा माओवादी अवतरण एवं शान्तिपूर्ण लोकतान्त्रिक निकासको आधारभूत जग बसाल्यो।

वैशाखको जनउभारमा माओवादीले योगदान नगरेका होइनन्। तर जनआन्दोलनको भेल यति सघन र व्यापक बन्यो कि माओवादीहरू चाहिने भन्दा बढी उत्साहित देखिए। धेरै हिसाबले आतुर पनि। तथापि खुला राजनीतिमा प्रवेश गर्दा उनीहरूले केवल दुई थरी स्थितिको बढी आँकलन गरेका थिए। तयारी पनि त्यसै अनुरूप भएको थियो। पहिलो, राजनीतिक प्रक्रिया कतै नपुग्न सक्छ र सबै कुरा भताभुङ्ग हुनसक्छ भन्ने बुझाइ थियो। त्यसैले सात दल र माओवादीले एकअर्कालाई उपयोग गर्ने सम्भावना प्रचुर देखिन्थ्यो। तत्कालीन राजा ज्ञानेन्द्रसँग वैशाख ११ गते सम्झौता गरेदेखि नै सात दलीय गठबन्धनको

ठूला दलमा माओवादीलाई पूर्ण विश्वास थिएन । जेठ ४ को प्रतिनिधिसभाको घोषणाले यसलाई अझ पुष्टि गर्‍यो जब माओवादीलाई पन्छाउने थप अर्को कार्य भयो । त्यसैले विद्यमान राजनीतिक प्रक्रिया कतै पनि नपुग्न सक्ने, जुनै पनि अवस्थामा बिथोलिन सक्ने आशंका व्यापक रह्‍यो । यस्तो आँकलनको कारण माओवादीले खराब स्थितिको तयारी राम्रै गरेका थिए । योङ्ग कम्युनिस्ट लिग (वाइसिएल) लाई अर्ध-सैन्य सङ्गठनको रूपमा परिवर्तन गर्नु सोही आँकलनको रणनीतिक तयारी थियो । यसले माओवादीका प्रमुख लडाकु र गोरिल्लाहरूलाई अस्थायी शिविरभन्दा बाहिर नै राख्ने योजनालाई सघायो । र वाइसिएल सुचारु संगठनमा परिणत गरियो । सहर-केन्द्रित सङ्गठन विस्तारले समेत तीव्रता पायो । यस्ता रणनीतिक तयारीहरू राजनीतिक प्रक्रिया बिग्रन सक्छ, माओवादी विरुद्ध षड्यन्त्र पनि हुनसक्छ भन्ने पक्षलाई नै ध्यानमा राखेर गरिएका थिए । त्यसैले 'सहरी विद्रोह' त्यसताका माओवादीको प्रपञ्च मात्र थिएन त्यो वैचारिक एवं व्यावहारिक तयारीसँग गाँसिएको रणनीति थियो ।

यही बुझाइले नेपालमा संयुक्त राष्ट्र सङ्घीय मिसन (अनमिन) लाई निम्त्याउन समेत माओवादी बढी लागिपरेका थिए । त्यसैले अनमिनको भूमिकालाई केवल अनुगमनमा सीमित राख्ने र मध्यस्थता वा राजनीतिक हस्तक्षेप गर्न नदिने विषयमा माओवादी अन्य पक्षभन्दा दृढ एवं प्रस्ट थिए । यदि नेपालमा राष्ट्र सङ्घीय उच्च टोली आएमा माओवादी जनसेना तुलनात्मक रूपमा बढी सुरक्षित रहने, सैन्य आक्रमणको सम्भावना न्यून रहनेतर्फ माओवादी सजग देखिन्थे । त्यसैले माओवादी जनसेनाको सुरक्षाको निम्ति अनमिनको उपस्थिति अपरिहार्य रहे पनि उसको भूमिकालाई साँघुरो राख्ने चाहना माओवादीको थियो । यसले माओवादीका शीर्षस्थहरूको भौतिक सुरक्षालाई पनि रणनीतिक हिसाबले सघाउने विश्वास माओवादीलाई थियो ।

दोस्रो बुझाइ राजनीतिक प्रक्रिया केही अप्ठेरा परिस्थितिको बाबजुद एउटा निश्चित गतिमा अघि बढ्छ भन्ने थियो । अर्थात् केही उतारचढाव भए पनि राम्रैसँग सात दलसँगको समझदारीमा अघि जाने विश्वास थियो । मूलतः २०५९ असोज १८ पछि 'संसदीय दल' हरूले पनि धेरै हण्डर खाएकोले सात दल पनि बाह्र बुँदेमा उल्लेख भए अनुरूप सुध्रिदै जाने, आफ्ना कमी कमजोरी सच्याउँदै जाने साथै राजसंस्थालाई काखी नच्यापिकनै परिवर्तनको पक्षमा प्रतिबद्ध हुनसक्ने अनुमान माओवादीलगायत धेरैको थियो । तर वैशाखपछि सात दलको काम कारबाहीले यस्तो संकेत गरेन ।

त्यसैले माओवादीले पनि कम आँकलन गरेको साथै जनआन्दोलनको उभारपछि आमसमुदायले अपेक्षा गरेभन्दा पृथक् बाटोतर्फ राजनीतिक प्रक्रिया मोडियो। अर्थात् नेकपा (माओवादी) लाई पुरानै मूलधारमा ल्याउने, शक्ति र सत्ता साझेदारीको खिचातानीलाई निरन्तरदा दिँदै यथास्थितिवादी शक्ति-सम्बन्धलाई बचाउने, र परिवर्तनलाई पर धकेल्ने कार्यमा सात दलको राजनीति धेरै केन्द्रित भयो। लोकतान्त्रिक परिवर्तनपछिको संसदीय सार्वभौमिकतालाई सात दलले आफ्नो पक्षमा उपयोग गरेकै कारण यथास्थितिलाई बढी मलजल मिल्यो। यस्तो राजनीतिक स्वार्थको उद्देश्य प्रस्ट थियो : शान्ति प्रक्रियालाई लम्ब्याउने, माओवादीलाई थकाउने, गलाउने र उनीहरूको धैर्यलाई परीक्षण गर्ने। यसले माओवादीलाई कमजोर बनाउन मद्दत पुग्छ साथै उनीहरूलाई बढी सम्झौतापरस्त बनाउन सकिन्छ भन्ने विश्वास सात दललाई थियो। नेपाली काङ्ग्रेसले अङ्गीकार गरेको यो रणनीति त्यसैले 'थकाउने, गलाउने र फकाउने' नामले चर्चित रह्यो। लालीगुराँस विद्रोहको उभारपछि प्रारम्भदेखि नै संसदीय खेलमा फसिन्छ, उही 'पुरानै मूलधार' मा अल्झाउने भरमग्दुर प्रयास हुन्छ भन्ने पक्षलाई माओवादीले उति ध्यान दिएका थिएनन्। त्यसैले आवरणमा देखाइने परिवर्तन एवं अलमलको बाटोमा अल्झिएमा के गर्ने भन्ने राम्रो तयारी माओवादीसँग थिएन। यस पक्षमा माओवादीले कम विचार पुऱ्याएको एवं थोरै तयारी गरेकोले उनीहरूबाट झिनामसिना सम्झौता धेरै भए। त्यसैले पुरानो राज्य, त्यसको कर्मकाण्डको शिकार, संसदीय खेल आदि परम्परागत राजनीतिक संस्कारमा माओवादीहरू होमिदै गए। र अल्झिन पनि थाले। त्यसैले माओवादीहरूको लागि यो अवधि राम्रै अलमलको समय बन्यो।

यद्यपि अन्य दलहरूसँग परिवर्तनको पृथक् एवं लोकप्रिय एजेण्डा नभएकोले नेपाली राजनीतिमा माओवादीका एजेण्डाहरूको दबदबा रही नै रह्यो। त्यसैले माओवादी विरोधी राजनीति, योङ्ग कम्युनिस्ट लिगका उद्दण्ड गतिविधिमा अन्य दलको राजनीति केन्द्रित हुँदै गयो। अन्य दलहरू राजनीतिक एजेण्डाविहीन रहेको र माओवादीको राजनीति वरिपरि फसेको कारण लामोदूरीमा माओवादीलाई फाइदा हुने आधारहरू भने जीवितै रहे। र राजनीतिक माहोल यसरी विकसित भइरह्यो कि संविधानसभा अपरिहार्य र राजनीतिक निकासको साझा आकाङ्क्षा एवं मिलन बिन्दु बन्यो। त्यसैले माओवादीले एकपछि अर्को सम्झौता गरिरहे पनि संविधानसभामा आफ्नो भूमिका अहम् हुने र गणतन्त्र, सैन्य सवाल एवं नयाँ राज्य-संरचनाको नेतृत्व गर्ने अवसर आफूले पाउने कुरामा विश्वस्त थिए। उनीहरूको प्रयास पनि त्यसैतर्फ लक्षित थियो। त्यसैले उनीहरूले नेपालमा विद्यमान जटिल राजनीतिलाई यसै पुस्तकमा अनन्तले उल्लेख गरेजस्तै विश्वका

अन्य विद्रोहभन्दा पृथक् भन्दै "सामन्तवादी, संसदीय पूँजीवादी र कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूको त्रिकोणात्मक सङ्घर्षको स्थिति हो" भने । यो व्याख्याको आधारमा माओवादीहरूले दरबारिया शक्ति र राजतन्त्रलाई सामन्तवाद, दलहरूलाई संसदीय पूँजीवादी एवं परिवर्तनका बाधक र आफ्नो पार्टीलाई कम्युनिस्ट क्रान्तिकारी भन्दै परिवर्तनको एक मात्र आधिकारिक सम्बाहकको रूपमा स्थापित गर्ने अविच्छिन्न प्रयास गरिरहे ।

## अन्त्यमा

संविधानसभा अन्ततः माओवादीको एक मात्र आशा थियो । तर अन्तरिम संविधान जारी गर्ने प्रयाससँगै आरम्भ भएको मधेस विद्रोह संयोग मात्र थिएन । माओवादीहरूले आशंका गरेजस्तै मधेस आन्दोलन 'प्रतिक्रान्ति' को एउटा प्रयोगको रूपमै प्रारम्भ गरिएको थियो (हेर्नुहोस् गौतम २०६४) । सुरुमा यसले माओवादीलाई झस्कायो पनि । त्यसैले दम्भका कारण लहानमा रमेश महतोको हत्यापछि समेत हिंसात्मक भिडन्तको लागि माओवादीले धेरै आधार दिए । यस्ता घटनाहरू हतास मानसिकताका प्रतिबिम्ब थिए । तर लहान घटना भएको केही दिन मै मधेस आन्दोलनले विद्रोहको रूप लिन थालिसकेको थियो । आन्दोलनमा आएको परिवर्तन, जनसमर्थनलाई माओवादीले आत्मसात गर्न नसक्दा उनीहरूको हतास मानसिकता, सैन्य दम्भ, 'उच्च विचारधाराको ध्वजा', 'शक्ति र गौरव' को माओवादी गाथा छताछुल्ल भयो । त्यसैले माओवादीहरूको अलोकप्रियतालाई तत्कालीन सयममा उनीहरूको काम कारबाही र असंवेदनशील वक्तव्यले धेरै सघायो । यद्यपि सङ्क्रमणकालीन घडीमा एकाएक मधेसलाई उठाइनुको राजनीतिक सन्देश एवं शक्ति-सम्बन्धको प्रारम्भिक स्वार्थ भने बेग्लै थियो ।

पहिलो, माओवादीले भन्दै आएको 'सामन्ती शक्ति' हरूको आन्तरिक सम्बन्ध नेपाली समाजमा कमजोर भइसकेको छैन । पुरानो राज्य-संयन्त्रलाई आफ्नो स्वार्थअनुरूप उपयोग गर्ने आधारहरू उनीहरूसँग जीवितै थिए । दोस्रो, यथास्थितिवादी स्वार्थहरूले आमूल परिवर्तनको यात्रा सहज हुन दिने छैनन् । त्यसैले समग्र राजनीतिक प्रक्रियाले बेहोर्ने चुनौतीहरूको लाम लामो छ । सँगै त्यो अप्रत्यासित घटनाहरुको शृङ्खला पनि हुन सक्छ । तेस्रो, माओवादीले राम्रो गर्ने सम्भावना मात्रै रह्यो भने संविधानसभाको चुनाव बिथोलिने प्रयासहरू धेरै हुने छन् । संविधानसभालाई विफल बनाउने षड्यन्त्रहरूको तयारी पनि हुने छ । सँगै माओवादीहरूले पनि दुइटा दह्रो सन्देश दिए । पहिलो, माओवादी राजनीतिक चिन्तनको केन्द्रमा सैन्य सोचको दबदबा जीवितै छ । दोस्रो, उनीहरूको पक्षमा

माहोल देखिएन, षड्यन्त्रको ठूलो आशंका रह्यो भने संविधानसभा निर्वाचनलाई पर धकेल्ने खेलमा उस्तै तवरले माआवादी लाग्ने छन् ।

त्यसैले प्रारम्भदेखि नै भिन्न अर्थ-राजनीतिक स्वार्थका कारण शान्तिपूर्ण सङ्क्रमणमा संविधानसभाको चुनाव चेपुवामा थियो । माओवादीको पक्षमा परिणाम आउने सम्भावना रहे बाँकी स्वार्थ-सम्बन्धले चुनाव हुन नदिने, ठूला दलहरूको पक्षमा परिणाम आउने आधारहरू देखिएमा माओवादीले चुनाव हुन नदिने । अन्तिमसम्म पनि यही स्वार्थको दौड चलिरहे पनि नजानिँदो तवरमा संविधानसभा सङ्क्रमणकालीन राजनीतिक सङ्कटको एक मात्र सर्वमान्य विकल्प एवं निकासको बिन्दु बनिरह्यो । यसबाट पन्छिने आधारहरू सबै पक्षले गुमाउँदै गएका थिए । सरकारको वैधानिकता, उसको क्षमता, राष्ट्रिय/अन्तर्राष्ट्रिय छवि एवं माओवादीको इमान्दारिता यही निर्वाचनसँग जोडिँदै गयो । त्यसैले अन्य विकल्पहरू अस्तित्वबाट लोप हुँदै गए । संविधानसभा अपरिहार्य बन्यो र सबै स्वार्थ-सम्बन्धहरूको लागि न खानु न ओकल्नुको सर्वस्वीकार्य निकास पनि । तथापि माओवादी र अन्य शक्तिहरू एक अर्काबाट जति नै भयभित भए पनि केवल राज्य केन्द्रित 'सामाजिक क्रान्ति' का सीमाका कारण (हेर्नुहोस् गुडवीन सन् १९९७) राजनीतिक, आर्थिक एवं सांस्कृति क्षेत्रमा क्रान्ति नहुने निश्चित थियो । सबैको सहमति एवं समझदारीमा केही प्रतीकात्मक परिवर्तन मात्र हुने बाटोमा वा भनौँ क्रमिक सुधारतर्फ राजनीति डोरिएको सर्वविदित थियो ।

त्यसैले शान्तिपूर्ण सङ्क्रमणका प्रारम्भिक महिनाहरूदेखि पछिसम्म अन्तर्राष्ट्रिय राजनीतिलाई समेत ध्यानमा राख्दै भारतप्रति माओवादीको सदाशयता बढ्दै गयो । त्यसैले भारतीय गतिविधिलाई 'हस्तक्षेप' देख्न उनीहरूले छोडिसकेका थिए । भारतीय राज्यलाई खुशी बनाउनकै लागि अध्यक्ष प्रचण्डले भारतीय नक्सलपन्थीहरूलाई बहुदलीय प्रतिस्पर्धामा फिर्ता हुन आग्रह गरिरहे । यद्यपि पञ्चायत कालदेखि नै प्रयोगमा रहेको पुरानो कूटनीतिक चालकै आधारमा भारत र चीनको नेपाल नीतिमा सामञ्जस्यता हुनुपर्ने आवाज पनि उठाइरहेका थिए । तर अमेरिकाप्रति माओवादीहरू आक्रामक नै रहे । माओवादीको यस्तो कार्यशैली अन्तर्राष्ट्रिय शक्तिलाई समेत रिझाउने तर 'क्रान्तिकारी छवि' कायम राख्ने रणनीति थियो । तथापि राष्ट्रिय/अन्तर्राष्ट्रिय वृत्तमा प्रारम्भमै 'शंकाको लाभ' पाउने अवस्थामा माओवादी थिएन । साथै दलहरूको समर्थन बेगर शान्तिपूर्ण राजनीतिमा माओवादीको कुनै भविष्य थिएन । त्यसैले व्यापक संशय र मतभेदबीच सहमतिको मात्रा कायमै रह्यो । यो पुस्तक यही अवधिलाई चित्रण गर्ने एउटा सानो जमर्को हो ।

## सन्दर्भ सामग्री

कान्तिपुर । २०६२ । दल-माओवादी समझदारी 'दुराग्रही' । ४ फागुन, पृ. ३ ।

कान्तिपुर । २०६३ । राजतन्त्रबारे स्पष्ट होस् । १६ कात्तिक, पृ. १ ।

गौतम, भास्कर, सं. । २०६४ । *मधेस विद्रोहको नालीबेली* । काठमाडौँ : मार्टिन चौतारी ।

गौतम, भास्कर, पूर्ण बस्नेत र चिरन मानन्धर, सं । २०६४ । *माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि* । काठमाडौँ : मार्टिन चौतारी ।

दाहाल, भरत । २०६३ । सैद्धान्तिक-राजनीतिक ध्रुवीकरण आजको एकताको प्रमुख प्रवृत्ति हो । *जनएकता,* १८ मङसिर, पृ. २ ।

भट्टराई, अनिल । २०६१ । *वार्ताद्वारा राजनीतिक निकास : नेपाल, श्रीलङ्का र दक्षिण अफ्रिकाका अनुभवहरु* । काठमाडौँ : नेपाल दक्षिण एसिया केन्द्र; शान्तिका लागि साझा अभियान; मार्टिन चौतारी र इन्टरनेसनल आइडिया, स्टकहोम ।

महर्जन, राजेन्द्र, सं । २०६३ । *नयाँ नेपालको मार्गचित्र : बाह्र बुँदे समझदारीदेखि अन्तरिम संविधानसम्मका दस्तावेज र समीक्षा* । काठमाडौँ : मूल्याङ्कन प्रकाशन गृह प्रा.लि. ।

मोरिआर्टी, जेम्स एफ । २०६२ । समझदारी हिंसाका निम्ति खुला । *कान्तिपुर,* ७ फागुन, पृ. ६ ।

Goldstone, Jack A. 2003. *Revolutions: Theoretical, Comparative, and Historical Studies.* Canada: Wadsworth /Thomson.

Goodwin, Jeff. 1997. State-centered Approaches to Social Revolutions: Strengths and Limitations of a theoretical Tradition. In *Theorizing Revolutions*. John Foran, eds., pp. 11- 37. London and Yew York: Routledge.

Mishra, Chaitanya. 2004. Locating the "causes" of Maoist Struggle. *Studies in Nepali History and Society* 9(1): 3-56.

Thapa, Deepak, ed. 2003. *Understanding Maoist Movement of Nepal.* Kathmandu: Martin Chautari.

Thapa, Deepak with Bandita Sijapati. 2003. *A Kingdom Under Seize.* Kathmandu: The Printhouse.